" समृद्ध खाँदबारी नगर "
# खाँदबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खाँदबारी, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

प.सं.: २०८०/८१
च.नं.: २३५९

**विषय : प्रस्ताव आह्वान सम्बन्धि सूचना ।**
**(प्रथम पटक प्रकाशन मितिः २०८०/११/२१)**

प्रस्तुत विषयमा आ.ब.२०८०/०८१ मा कोशी प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम **उखु खेती प्रवर्द्धन तथा सख्खर उत्पादन कार्यक्रम** अन्तरगत खाँदबारी नगरपालिका भित्र तपशिल अनुसारको क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषि फर्म/कृषक समुह/समिति/कृषि सहकारीले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र (मिति २०८०/१२/०५ गते कार्यालय समय अवधि भित्र) यस कार्यालयले तोकेको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

**तपशिलः**

| क.स. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | अधिकतम अनुदान रकम रु. | लाभग्राहीबाट कम्तिमा २५ % लागत सहभागिता रकम रु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उखुको बेर्ना/विरुवा खरिद | १ | ३७५००० | १२५००० | ५,००,०००। | कुनै १ वा सो भन्दा बढी कार्यक्रममा आवश्यकता अनुसार प्रस्ताव पेश गर्न सकिने छ । |
| २ | उखु पेल्ने आधुनिक यन्त्र, उपकरण खरिद | १ | ७१२५०० | २३७५०० | ९,५०,०००। | |
| ३ | सिंचाई व्यावस्थापनको लागि पाइप खरिद | १ | ६३७५०० | २१२५०० | ८,५०,०००। | |
| ४ | सख्खर जम्मा गर्ने भाँडा वर्तन खरिद | १ | ४५०००० | १५०००० | ६,००,०००। | |
| ५ | सख्खर पकाउने भाँडा (कराई) खरिद | १ | ४५०००० | १५०००० | ६,००,०००। | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

(१) सम्बन्धित निकायमा कृषि फर्म/कृषि समुह/समुह समिति/सहकारी संस्था/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
(२) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को हक स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा १० वर्षको सम्झौतानामा (जग्गाको क्षेत्रफल कम्तिमा ५ रोपनी हुनु पर्ने) ।
(३) निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
(४) कार्य समितिको निर्णयको प्रतिलिपी (समुह सहकारीको हकमा) ।
(५) विगत ५ बर्ष देखि यता कुनै पनि निकायबाट परिवारको कुनै एक सदस्य समेतले अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ।
(६) व्यवहारीक रुपमा कार्यन्वयन गर्न सकिने मार्गनिर्देशन तथा स्पष्ट खाका सहितको व्यवसायिक परियोजना पत्र ।
७) अनुदान प्राप्त पश्चात लाभग्राहीले व्यवसायिक रुपमा उखु खेती तथा सख्खर उत्पादन कार्य कम्तिमा १० बर्ष सञ्चालन गर्ने र सो को प्रतिबद्धता पत्र पेश गर्ने ।
८) लागत सहभागिताको २५ प्रतिशत रकमको प्रतिवद्धता पत्र ।

**यस बिषयमा थप जानकारीका लागि मोबाइल नम्बर ९८५२०५१६८८ मा सम्पर्क गर्न हुनको लागि अनुरोध छ ।**

.........
निर्माण कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.अ- १४१, उपप्रमूख- ३४१, प्रमुख २५४
वेबसाइटः www.khandbarimun.gov.np ईमेलः khandbari.mun@gmail.com